रूपा गाउँपालिका
Rupa Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
रूपाकोट, कास्की
Rupakot, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No.) : ०७७/०७८ च.नं.(Dispatch No.) : मिति (Date) :

**विषय: प्रस्ताव आह्वानको सूचना।**
**प्रथम पटक प्रकाशित मिति: २०७७/०९/१२**

प्रस्तुत विषय सम्बन्धमा यस गाउँपालिकालाई आर्थिक बर्ष २०७७/७८ मा राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तर्गत सङ्घीय सरकारबाट शसर्त वित्तीय हस्तान्तरण मार्फत सञ्चालन हुने **५०% अनुदानमा बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम/स्थापित नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रम** रहेको हुँदा इच्छुक नर्सरी धनी कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्महरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र अनुसूची २ बमोजिमका कागजातहरु संलग्न राखी रूपा गाउँपालिकाको कृषि शाखामा प्रस्ताव बुझाउनु हुन अनुरोध छ।

| क्र सं | नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना | | स्थापित नर्सरीको क्षमता अभिबृद्धि | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | |
| १ | १ | ५०% वा बढीमा रु १ लाख | २ | ५०% वा बढीमा रु ५० हजार | |

**आवश्यक कागजातहरु:**

१. तोकिएको ढाँचा अनुसारको निवेदन तथा प्रस्तावना।
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि तथा हाल सम्म कुनै पनि अनुदान नलिएको स्वघोषणा पत्र।
३. कृषि/पशु फर्म वा सहकारी संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT तथा करचुक्ता प्रमाणपत्र प्रतिलिपि।
४. सम्बन्धित वडाको सिफारिस पत्र ।

**मापदण्ड:**

१. फलफूलको नर्सरी हुनुपर्ने।
२. नयाँ स्थापित बहुउद्देश्यीय नर्सरीले कम्तिमा १०००० तथा स्थापित नर्सरीको क्षमता अभिबृद्धि गरी कम्तिमा १५००० गुणस्तरीय फलफूल विरुवा उत्पादन क्षमता भएको हुनुपर्ने।
३. जाली घरमा भए विरुवा उत्पादनका लागि कम्तिमा २ रोपनी र खुला जग्गामा भए कम्तिमा ५ रोपनीमा नर्सरी हुनुपर्ने।
४. सुन्तालाजात फलफूल नर्सरीको हकमा समुन्द्री सतहबाट १२०० मीटर भन्दा माथि हुनुपर्ने।

**सहयोग:**

१. सिचाइँ पूर्वाधार तथा संरचना निर्माण।
२. आवश्यक वीउ बेर्ना खरिद, कृषि औजार उपकरण खरिद, मलखाद विषादी र अन्य सामग्री खरिद।

थप जानकारीका लागि **बहुउद्देश्यीय नर्सरी स्थापना तथा हाल सञ्चालित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७** वा रुपा गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्वन्धित) बहुउद्धेश्यीय नर्सरी स्थापना कार्यक्रम / स्थापित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन तथा ब्यवस्थापनको लागि आवेदन फाराम

मिति : ............

श्रीमान प्रमूख ज्यू,

....................

महोदय,

प्रस्तुत बिषयमा तहाँबाट सूचना भए बमोजिम म/हामी.................... ५० % अनुदानमा बहुउद्धेश्यीय नर्सरी स्थापना कार्यक्रम /स्थापित नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गर्न इच्छुक रहेकोले .......... रकमको प्रस्तावना तयार गरी तपशिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं ।

संलग्न कागजातहरुः

१) रु. १० टिकट टाँस गरिएको अनूसची २ अनुसारको निवेदन

२) नेपाली नागरिकताको प्रतिलिपि

३) संस्था भए दर्ता/नवीकरण/स्थायी लेखा नं /कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

४) बैठक निर्णयको प्रतिलिपि

५) नयाँ नर्सरी स्थापना गर्ने जग्गाको /पुरानो नर्सरी भएको जग्गाको लालपूर्जाको प्रतिलिपि

६) जग्गा करारमा लिइएको भए करार सम्झौताको प्रतिलिपि

७) अनुसूची ३ अनुसारको प्रस्तावना र अनुसूची-४ बमोजिमको प्रतिबद्धता

निवेदक

नाम र थरः

ठेगानाः

छापः

अनुसूची-३

(दफा ६ को उपदफा (२) सँग सम्वन्धित)

## बहुउद्धेश्यीय नर्सरी स्थापना कार्यक्रम / स्थापित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन तथा ब्यवस्थापनको लागि प्रस्ताव प्रस्तावनाको ढाँचा

१) आवेदकको नामः

२) ठेगानाः

३) कार्यक्रम संचालन हुने स्थानः

४) कार्यक्रम संचालन हुने क्षेत्रफलः

५) भौतिक सुविधाको अवस्थाः

क) बाटो.....

ख) बिजुली.....

ग) सिंचाई ......

घ) बजार ...........

ङ) अन्य केहि भए उल्लेख गर्ने .......

६) उत्पादन गर्ने /गरिएको बिरुवाको विवरण (स्थापित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रमको हकमा मात्र):

| क स | विरुवाको किसिम | जात | विरुवाको उमेर र साईज | कलमी विरुवाको संख्या | विजु विरुवाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

७) प्रस्तावित क्रियाकलापहरु तथा लागत इस्टिमेट

| क स | क्रियाकलापहरु | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

८) बार्षिक कार्य योजना:

| क्रियाकलापहरु | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बै | जे | अ | श्रा | भा | अ | का | म | पु | मा | फा | चै |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

अनुसूची-४

(दफा ६ को उपदफा (२) सँग सम्वन्धित)

प्रतिबद्धता पत्र

................. पालिकाको मिति २०७..../..../ को सूचना अनुसार नयाँ बहुउद्धेश्यीय नर्सरी स्थापना/स्थापित नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा दश बर्ष निरन्तरता दिनेछु/छौं । कार्य योजना अनुसारको कार्य नगरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुंला/बुझाउंला । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको प्रतिबद्धता समेत ब्यक्त गर्दछु/छौं ।

इति सम्बत २०७..../..../

| दायाँ | बायाँ |
|---|---|
| | |

नाम, थरः

ठेगाना :

संस्था भए संस्थाको नामः

दस्तखतः

संस्थाको छापः